का.जि.प्र.का.द.नं. १००/०५९/६०
१९ फागुन २०८०, शनिबार
2 March 2024, Saturday
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ई-पेपर हेर्न

वर्ष २२, अंक १८ । पृष्ठ १०
Madhyanha National Daily
www.madhyanhadaily.com




बालविवाह सामाजिक र कानूनी अपराध हो

- बीस बर्ष नपुगी विवाह नगरौं र नगराऔं,
- उमेर नपुगी विवाह गर्नु सामाजिक र कानूनी अपराध हो,
- त्यस्तो अपराध गर्नेलाई जरिवाना र कैद सजाय दुबै हुने कानूनी व्यवस्था छ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# प्रचण्ड मनाउन देउवा र ओलीको दौडधुप

नेताहरुका अनुसार गठबन्धन फेरिन सक्ने संकेत गरेपछि प्रचण्ड फकाउन एमाले अध्यक्ष ओली चितवन पुगेका हुन्। केही गरी नयाँ गठबन्धन बनिहाल्छ कि भनेर कांग्रेस सभापति देउवा पनि प्रचण्ड मनाउन भरतपुर पुगेका हुन्।

**आरके डिसी/मध्यान्ह**
काठमाडौं, १८ फागुन।

बिहीबार बिहानसम्म नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली र नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले चितवनको भरतपुर भ्रमण वर्ष उद्घाटन कार्यक्रममा जाने निधो गरेका थिएनन्। प्रधानमन्त्री पुष्पकमल दाहाल भने बिहीबार दिउँसो भरतपुर पुगे।

चितवन पुगेपछि स्थानीय पत्रकारहरुसँग कुरा गर्दै उनले राष्ट्रिय सभाको अध्यक्षमा माओवादीको दाबी रहेको र आवश्यक परे सत्ता गठबन्धन फेरिन सक्ने संकेत गरे।

कांग्रेसले कोशी प्रदेशमा राष्ट्रिय सभाको निर्वाचनमा धोका दिएकोदेखि महासमिति बैठकमा प्रस्तुत प्रतिवेदनमा माओवादीको पृष्ठभूमिबारे गरिएको टिप्पणीसम्म स्मरण गर्दै उनले एमालेसँग वार्ता भइरहेको बताए।

प्रचण्डको सार्वजनिक अभिव्यक्तिपछि कांग्रेस नेताहरु झस्किए। लगत्तै कांग्रेस सभापति शेरबहादुर देउवाले उपसभापतिहरु र महामन्त्रीहरुलाई आफ्नै निवासमा बोलाएर छलफल गरे। त्यति नै बेला प्रचण्डले बोलाएको भन्दै एमाले अध्यक्ष केपी शर्मा ओली पनि भरतपुर भ्रमण वर्ष उद्घाटनमा जान तयार भए। नेताहरुका अनुसार ओलीको शुक्रबार ललितपुरमा आयोजित कार्यक्रममा सरिक हुने तय भएको थियो। प्रचण्डले बोलाएपछि पूर्वनिर्धारित कार्यक्रम छाडेर ओली चितवनको भरतपुर पुगेका हुन्।

परिणाममा भरतपुर पर्यटन वर्षको उद्घाटनमा प्रधानमन्त्री र पूर्वप्रधानमन्त्रीहरु नै पाँच जना पुगे। देउवा र ओलीका साथसाथै एकीकृत समाजवादीका अध्यक्ष माधव नेपाल, एकीकृत समाजवादीका सम्मानित नेता झलनाथ खनाल, मन्त्रिपरिषदका अध्यक्ष खिलराज रेग्मी पुगे। राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभभापति रवि लामिछाने लगायतका नेताहरु पनि चितवन पुगेका थिए। उनीहरुले कार्यक्रमलाई सम्बोधन गरे।

सम्बोधनका क्रममा एमाले अध्यक्ष ओलीले भरतपुरकी मेयर रेणु दाहालको प्रशंसा गर्दै आवश्यक सहयोग र सहकार्य गर्न तयार रहेको बताए। कांग्रेस सभापति देउवाले पटक-पटक वर्तमान सत्तागठबन्धन नफेरिने बताए। नेताद्वय ओली र देउवाले आफूहरु हतारिएर चितवन पुग्नुको कारणबारे सार्वजनिक रुपमै संकेत गरेको नेताहरु बताउँछन्।

नेताहरुका अनुसार गठबन्धन फेरिन सक्ने संकेत गरेपछि प्रचण्ड फकाउन एमाले अध्यक्ष ओली चितवन पुगेका हुन्। केही गरी नयाँगठबन्धन बनिहाल्छ कि भनेर कांग्रेस सभापति देउवा पनि प्रचण्ड मनाउन भरतपुर पुगेका हुन्।

## मन्त्री फेर्न कांग्रेस तयार



मन्त्री फेर्ने कुरा धेरै अगाडिदेखि चलेको हो। चाहना प्रधानमन्त्रीले राख्नुभएको हो। ढिलो भएको थियो तर अब यस सम्बन्धमा बाक्लो छलफल भएको छ। मोडालिटी फिक्स भएको छैन। प्रधानमन्त्रीले शीर्ष नेताहरुसँग छलफल गरेर टुंगो लगाउनुहुन्छ।

**मिन विश्वकर्मा**
**नेता, नेपाली कांग्रेस**

सत्ता गठबन्धनमा रहेका दलहरुले सरकारमा रहेका आफ्ना मन्त्री हेरफेर गर्ने भएका छन्। सरकारको नेतृत्व गरेको एक वर्षको अवसरमा गत १० पुसमा प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले मन्त्रिपरिषद हेरफेर गरेर काममा नयाँ रुप ल्याउने उद्घोष गरेका थिए। सुरुमा नमानिरहेका कांग्रेस सभापति देउवा गठबन्धन नै फेरिन सक्ने देखेपछि मन्त्री फेर्न तयार भएका छन्। यो सँगै सत्ता गठबन्धनमा रहेका दलहरु सरकारमा रहेका आफ्ना मन्त्री हेरफेर गर्ने गृहकार्यमा जुटेका छन्।

सरकारमा रहेका मन्त्रीहरु हेरफेरको विषयलाई लिएर बिहीबार कांग्रेस सभापति शेरबहादुर देउवाले पार्टीका उपसभापतिहरु र महामन्त्रीहरसँग छलफल गरेका थिए।

उक्त छलफलमा माओवादीले राष्ट्रिय सभाको अध्यक्षमा उम्मेदवारी दिने भनी गरेको निर्णय र प्रधानमन्त्री प्रचण्डले मन्त्री हेरफेर गर्ने भनी राखेको चाहनाबारे कुराकानी भएको थियो। प्रधानमन्त्रीले कुन कुन मन्त्री फेर्न चाहेका हुन् त्यस आधारमा निर्णय लिने तयारीका साथ छलफलमा बस्न तयार भएको कांग्रेस नेता मिन विश्वकर्मा बताउँछन्।

उनी भन्छन्, 'कुरा धेरै अगाडि देखि चलेको हो। पृष्ठ २ मा

## अब प्रत्येक मन्त्रालयमा संसदीय डेस्क

मन्त्रालय र संसदीय गतिविधिलाई तादम्यता मिलाउन सरकारले प्रत्येक मन्त्रालयमा संसदीय डेस्क राख्न लागेको हो।

**शिव विक/मध्यान्ह**
काठमाडौं, १८ फागुन।

संघीय सरकारको २२ वटै मन्त्रालयमा संसदीय डेस्क रहने भएको छ। प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका अनुसार, यस सम्बन्धमा नीतिगत निर्णय भएर प्रक्रिया अगाडि बढेको छ। मुख्यसचिव बैकुण्ठ अर्यालका अनुसार अब छिट्टै प्रत्येक मन्त्रालयमा संसदीय डेस्क रहनेछ।



२२ वटै मन्त्रालयमा संसदीय डेस्क रहनेछन्। जसले मन्त्रालय र संसदीय गतिविधिलाई तादम्यता मिलाउनका लागि भूमिका निर्वाह गर्नेछ।

**बैकुण्ठ अर्याल**
**मुख्यसचिव**

यसअघि राष्ट्रिय सभाले सरकारलाई प्रत्येक मन्त्रालयमा संसदीय डेस्क राख्न भनेको थियो। विगतमा सरकारलाई दिइएका निर्देशन र ध्यानाकर्षणको सम्बन्धमा प्रगति सुनाउँदै मुख्यसचिव अर्यालले सबै मन्त्रालयमा संसदीय डेस्क राख्ने विषयमा नीतिगत निर्णय भएर प्रक्रिया अगाडि बढेको जानकारी दिए। उनी भन्छन्, '२२ वटै मन्त्रालयमा संसदीय डेस्क रहनेछन्। जसले मन्त्रालय र संसदीय गतिविधिलाई तादम्यता मिलाउनका लागि भूमिका निर्वाह गर्नेछ।'

संघीय संसदका महासचिव पद्मप्रसाद पाण्डेयका अनुसार हाल मन्त्रालयका कर्मचारी र मन्त्री जो छन् उनैसित सिधा सम्पर्क हुने हुने गरेको छ। मन्त्री र कर्मचारी फेरिएको खण्डमा संसद वा संसदीय समितिले अगाडि गरेको संवाद, पत्र आदनप्रदान र सूचनाको विषयका सम्बन्धमा पुनः सुरुवात देखि नै संवाद गर्नुपर्ने अवस्था छ। यसले सरकार र संसद दुवैलाई काम गर्न अप्ठ्यारो पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

## यूएईमा जव फेयर शुरु हुँदै, उद्घाटनका लागि श्रममन्त्री भण्डारी अबुधाबीमा, व्यवसायी उत्साहित

**मदनकुमार श्रेष्ठ, रेशमराज पौडेल/मध्यान्ह**
यूएई, १८ फागुन

वैदेशिक रोजगार व्यवसायीबीच चीर प्रतीक्षित यूएई रोजगार मेला 'जव फेयर' २०२४ शनिवार प्रारम्भ हुँदैछ। मेला उद्घाटनका लागि श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री शरतसिंह भण्डारी, सचिव केवल प्रसाद भण्डारी, वैदेशिक रोजगार बोर्डका कार्यकारी निर्देशक डा. द्वारिका उप्रेतीसहितको सरकारी प्रतिनिधिमण्डल शुक्रबार साँझ अबुधाबी आइपुगेको छ।




यूएईका मानव संशाधन तथा इमिराइटेशन मन्त्री अब्दुलमानन अल अवारले पनि सम्बोधन गर्ने कार्यक्रममा यूएईका लागि नेपाली राजदूत तेजबहादुर क्षेत्री र बोर्डका निर्देशक टिकाराम ढकाल पनि सहभागी हुने आयोजक नेपाल वैदेशिक रोजगार व्यवसायी संघका महासचिव तथा मूल आयोजक समितिका सदस्य सचिव मेघनाथ भुर्तेलले मध्यान्हलाई जानकारी दिए। मेलाको सम्पूर्ण तयारी पूरा भएको र व्यवसायीको उत्साहजनक सहभागिता रहेको नेपाल वैदेशिक रोजगार व्यवसायी संघले जनाएको छ।

जव फेयरमा ६६ वैदेशिक रोजगार व्यवसायीले भाग लिन स्टल बुक गरेका छन्। यूएईमा कामदार पठाउने म्यानपावर कम्पनीसहित मलेसिया र युरोपेली मुलुकमा शून्य लागतमा कामदार पठाउने वैदेशिक रोजगार व्यवसायीहरुले पनि स्टल बुकिङ गरेर जव फेयरको महत्व र आकर्षण बढाएका छन्। व्यवसायीले आ-आफ्ना स्टलमार्फत यूएईमा पठाउन सक्ने श्रम जनशक्तिका बारेमा यूएईका रोजगारदाताहरुलाई जानकारी गराउनेछन्।

संघले पावर प्वाइन्ट प्रिजेन्टेसनमार्फत नेपालको समग्रमा श्रम जनशक्तिको विषयमा जानकारी गराउने तयारी गरेको महासचिव भुर्तेलले जानकारी दिए। स्टलमा म्यानपावर कम्पनीका सञ्चालक र कर्मचारीसहित सय जनाभन्दा बढीको सहभागिता हुने जव फेयरका संयोजक, संघका प्रथम उपाध्यक्ष तथा अन्तर्राष्ट्रिय कोअर्डिनेटर डिक बहादुर खत्रीले बताए।

यूएईस्थित नेपाली दूतावाससँगको सहकार्य रहेको जव फेयरमा यूएईस्थित रोजगारदाताहरु, सबै स्टेटका चेम्बरहरु, इन्डियन इन्भेष्टमेन्ट ग्रुप, बिजनेस कम्युनिटी, एचआर एशोसिएसन र आधिकारिक नेपाली चेम्बरहरुसहित सयभन्दा बढी स्थानीय रोजगारदाताहरुले अवलोकन गर्ने तय भएको पनि संयोजक खत्रीले जानकारी दिए।

यूएईमा नेपालीका लागि धेरै क्षेत्रमा रोजगारीको सम्भावना भएपनि विचौलियाहरुका कारण समस्या रहेको र त्यसको निराकरण गरेर अन्य रोजगारदाताहरुसँग नेपाली म्यानपावर व्यवसायीहरुको प्रत्यक्ष सम्बन्ध स्थापित गर्न जव फेयर आयोजना गरिएको पृष्ठ २ मा

## कवाड व्यवसायी सडकमा

महानगरपालिकाले दुःख दिएको भन्दै कवाड व्यावसायी सडक आन्दोलनमा उत्रिएका हुन्। व्यावसायीमाथि महानगर प्रहरीले ज्यादती गरेको भन्दै संसदमा समेत मेयर बालेनको आलोचना भएको छ।

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, १८ फागुन।

शुक्रबार काठमाडौं महानगरपालिकाले दुःख दिएको भन्दै कवाड व्यावसायीहरुले सडक प्रदर्शन गरेका छन्। मेयर बालेन शाहको गतिविधिको आलोचना गर्दै उनीहरु सडक आन्दोलनमा उत्रिएका हुन्।

काठमाडौं महानगरको निर्णयविरुद्ध महानगरभित्रका कवाडी संकलकहरुले विरोध प्रदर्शन गर्नुका साथै आफूहरुको सुरक्षाको माग राखेका छन्।

महानगर प्रमुख बालेन शाहको निर्देशनमा महानगरले कवाडी संकलन केन्द्रहरुमा डोजर चलाउन लागेपछि कवाडी संकलकहरु महानगरको विरोधमा उत्रिएका हुन्। महानगरले पछिल्लो समय सडक फुटपाथमा व्यापार गर्नेदेखि लिएर अनधिकृतका नाममा घर टहरा भत्काउने काम गर्दै आएको छ।



व्यावसायीमाथि महानगर प्रहरीले ज्यादती गरेको भन्दै संसदमा समेत मेयर बालेनको आलोचना भएको छ।

आम जनता पार्टी (आजपा)का अध्यक्ष प्रभु साहले काठमाडौंबाट कवाड व्यावसायी र सुकुम्बासी हटाउने भए विकल्प देन आग्रह गरे।

'यदि सुकुम्बासीलाई हटाउन चाहनुहुन्छ भने सुविधा सम्पन्न भवनहरु दिनुहोस्। कतिपय नगरपालिकाहरुले सुविधा सम्पन्न भवन दिएर व्यवस्थापन गरेका छन्' उनले संसदमा विशेष समय लिएर भनेका छन्, 'तर, काठमाडौं महानगरपालिकाका प्रहरीहरुले देशको कानुन भन्दा माथि ठानेर जो कवाड व्यावसायी र सुकुम्बासीहरुप्रति व्यवहार गरिरहेको पृष्ठ २ मा

# भरतपुर भ्रमण वर्ष शुरू




**चितवन/मस–**'घुमौं भरतपुर' भन्ने नाराका साथ भरतपुर भ्रमण वर्ष शुरू भएको छ । नारायणी नदी किनारमा भरतपुर महानगरपालिकाद्वारा आयोजित भ्रमण वर्षको प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्डले उद्घाटन गरे ।

उद्घाटन समारोहमा प्रधानमन्त्री दाहालका साथै पूर्वप्रधानमन्त्रीहरू शेरबहादुर देउवा, केपी शर्मा ओली, माधवकुमार नेपाल, झलनाथ खनाल, पूर्वमन्त्रिपरिषद् अध्यक्ष खिलराज रेग्मी उद्घाटन समारोहमा उपस्थित भएका छन् ।

उद्घाटन समारोहमा प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले वर्तमान सरकार अर्थतन्त्रमा देखिएका चुनौती सम्बोधन गर्दै समृद्धिको आधार तयार गर्न क्रियाशील रहेको बताए । दाहालले आफू नेतृत्वको वर्तमान सरकार सुशासन, सामाजिक न्याय र समृद्धिको प्राथमिकतासहित अर्थतन्त्रका चुनौतीहरू सम्बोधन गर्न क्रियाशील रहेको बताए ।

'१४ महिनामा देश र विश्व समुदायले समेत देख्ने गरी मानकहरू स्थापित भएका छन्', प्रधानमन्त्री प्रचण्डले भने, 'भ्रष्टाचार नियन्त्रण, अर्थतन्त्रमा सुधार, संघीयता कार्यान्वयन, सामाजिक न्याय र सेवा प्रवाहमा जे-जति कामहरू भएका छन् । यी देशका लागि महत्वपूर्ण उपलब्धिहरू हुन् ।' दिगो विकासबाट आर्थिक समृद्धि प्राप्त गर्न सहमतिको संस्कृति र राष्ट्रिय सहमति आवश्यक रहेको उल्लेख गर्दै प्रधानमन्त्रीले राष्ट्रिय राजनीतिका विशिष्ट व्यक्तिहरूको सामूहिक उपस्थितिले राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा सकारात्मक सन्देश सम्प्रेषण हुने बताए ।

नेपालको कूल गार्हस्थ्य उत्पादनमा पर्यटन क्षेत्रको योगदान छ दशमलव सात प्रतिशत र रोजगारीको क्षेत्रमा छ दशमलव नौ प्रतिशत रहेको उल्लेख गर्दै प्रधानमन्त्री प्रचण्डले चितवनमा २०२३ मा एक लाख ९० हजार चार सय ५८ जना पर्यटकको आगमन भएको आफूले जानकारी पाएको बताए ।

प्रधानमन्त्री प्रचण्डले राष्ट्रकै पर्यटन प्रवर्द्धनमा भरतपुर भ्रमण वर्ष कोसेढुंगा सावित हुनेमा विश्वास व्यक्त गरे । 'भरतपुर भ्रमण वर्षले रत्ननगर नगरपालिकाको सौराहाबाट माडी नगरपालिकाको सोमेश्वर गढीसम्म, राप्तीको परेवाकोटबाट खैरहनीको कुमरोजसम्म, कालिकाको सिन्ते झरनाबाट गैंडाकोटको मौलाकालिकासम्म, चितवनको उच्च भाग इच्छाकामनाको सिराइचुलीबाट बागमती प्रदेशकै होचो भू-भाग भरतपुर महानगरपालिकाको गोलाघाटसम्मका ५० भन्दा बढी गन्तव्यको प्रवर्द्धन गर्नेछ', प्रधानमन्त्री प्रचण्डले भने, 'यो चितवनको पर्यटनमा गुणात्मक फड्को हुनेछ ।'

विशिष्ट पाहुनाबाट एक सय ५० वर्षदेखि चितवनका जङ्गलमा सिकार यात्रा गरेको इतिहास रहेको उल्लेख गर्दै प्रधानमन्त्री प्रचण्डले नेपालमा सर्वप्रथम जङ्गल सफारीको सुरुआत टाइगर टपले मेघौली नजिक चितवनबाट भएको स्मरण गरे ।

उद्घाटन समारोहमा मेयर रेणु दाहाल भरतपुरको विकासका लागि प्रधानमन्त्री पुष्पकमल दाहालले खेलेको भूमिका प्रशंसनीय रहेको बताइन् । उनले बोलेर नभइ काम गरेर देखाउनुपर्छ भन्ने कुरा भरतपुर महानगरपालिकाले स्थापित गरेर देखाएको दाबी गरिन् । उनले संघीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत विकास गर्न स्थानीय तह आफैमा बलियो हुनेपर्ने बताइन् । त्यस्तै महानगरपालिकाको समृद्धिका लागि पूर्वप्रधानमन्त्रीहरू, दलका नेताहरू, सरोकार तथा नगरबासीलाई धन्यवाद दिइन् । उनले भरतपुर भ्रमण वर्षले आर्थिक, सामाजिक, धार्मिक र प्राकृतिक रुपमा विश्वका पर्यटकलाई आकर्षित गर्ने उदेश्य रहेको बताइन् ।

# काठमाडौं महानगरभित्रका १ सय १८ औषधि पसल मापदण्डविपरीत



**काठमाडौं/मस–** काठमाडौं महानगरपालिकाले महानगर क्षेत्रभित्र सञ्चालनमा रहेका १ सय १८ औषधि पसलले आधारभूत मापदण्डसमेत पालना नगरेको जनाएको छ ।

कामपा स्वास्थ्य विभागले गएको असोज २१ गतेदेखि औषधि पसलको अनुगमन थालेको थियो । अहिलेसम्ममा वडा नं १, २ र ३ का धेरै र अन्य वडामा गरिएको अनुगमनका क्रममा उक्त कमजोरी पत्ता लगाइएको विभागको भनाइ छ ।

वडा नं. १४ कलंकीमा सञ्चालित मिसन फार्मेसीले फ्रिज नचलाइ खोप भण्डारण गरेको पाइएको छ । यसरी भेट्टाइएका ३ प्याकेट (३० वटा) एन्टिरेबिज भ्याक्सिन, टीटी खोप ९ थान र ३ थान इन्सुलिन जफत गरिएको छ । प्राणघातक रोग रेविजविरुद्ध लगाइने एन्टिरेबिज खोपमा गरिएको यो लापर्वाही गम्भीर प्रकृतिको हो । रविचन्द्र फार्मेसीमा रेफ्रिजेरेटरको तापक्रम नमिलेको भेटिएको छ । यस्ता समस्या आम रुपमा भेटिएको थियो ।

'औषधि पसलहरुले, फ्रिज तथा खोप भण्डारण गर्ने कक्षमा आवश्यक पर्ने तापक्रम नमिलाउनु गम्भीर लापर्वाही हो । जनस्वास्थ्यका दृष्टिले चरम गल्ती हो' अनुगमनको अवस्था बुझिसकेपछि महानगरपालिकाकी उपप्रमुख एवं अनुगमन समितिकी संयोजक सुनिता डंगोलले भनिन्, 'यस्ता ठाउँमा सुधारको मौका दिन सकिँदैन ।'

फार्मेसी अनुगमन संयोजक एवं अस्पताल नर्सिङ निरीक्षक कल्पना श्रेष्ठका अनुसार औषधि पसलमा कुनै पनि खोप नलगाए हुन्छ । औषधि राख्ने फ्रिजमा कोल्ड चेन कुनैमा पनि मेन्टेन भएको छैन । औषधि पसल दर्ता गर्दा एउटाका नाममा प्रमाण पत्र छ । पसलमा अर्कै व्यक्ति बसेको छ । औषधि व्यवस्था विभागमा दर्ता छन्, तर महानगरपालिकामा धेरै दर्ता छैनन् । बिलमा औषधिको म्याद सकिने (एक्स्पायरी डेट) मिति, ब्याच नं. केही उल्लेख छैन । नार्कोटिक ड्रग बेच्ने पसलमा डाक्टरको मेडिकल काउन्सिल दर्ता नम्बर छैन । यस्ता औषधि डवल लक हुनु पर्ने, त्यस्तो छैन । उहाँका अनुसार यस्ता समस्या औषधि पसलमा देखिएका साझा समस्या हुन् । यस्तै हरेकका छुट्टाछुट्टै समस्या पनि छन् ।

रियान्स आयुर्वेदिक फर्मामा सर्जिकल र एलोपेथिक औषधि पाइएको छ । सुयोग आयुर्वेदिक औषधि पसलमा आयुर्वेद अध्ययन नगरेको व्यक्तिले औषधि बिक्री गरेको पाइएको छ । रोयल गन्तव्य हेल्थ केयर प्रा. लि. घट्टेकुलोको औषधि पसलमा व्यक्ति व्यक्तिको प्रमाण पत्र थिएन ।

अनामनगरको रिजाल ड्रग हाउसमा औषधिभन्दा धेरै कस्मेटिक सामान भेटिए । फ्रिजको सफाइ थिएन ।

अनुगमनका क्रममा भेटिएका यी केही प्रतिनिधि अवस्था हुन् । यी र यस्ता समस्या सबै जसोमा छन् । यो खराव अवस्था हो । राम्रो औषधि पसल चाहिँ कति भेटिए, प्रश्नको जवाफमा अनुगमन संयोजक श्रेष्ठ भन्छन्,'नाम नै लिनुपर्ने कुनै भेटिएनन् । एक दुई वटा सामान्य देखिए ।'

अवस्थामा सुधार नगर्नेलाई स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (झ) ९, महानगरपालिका जनस्वास्थ्य ऐन २०८० को दफा ५३ अनुसार कारबाही हुनेछ । औषधि पसल सञ्चालन गर्न कामपामा अनुमति लिनुपर्छ, फार्मेसी पढेकाले मात्रै औषधि पसल सञ्चालन र बिक्रीवितरण गर्नुपर्ने कानुनी व्यवस्था छ । हाल कामपामा दुई हजार छ सय औषधि पसल सञ्चालनमा रहेको बताइएको छ ।

औषधि पसलको यो प्रवृत्तिमा तत्काल सुधारको खाँचो रहेको बताउँदै कामपाले गत असोजदेखि नियमित अनुगमन गरिरहेको छ । अनुगमनका क्रममा समस्या देखिएका पसललाई कारबाहीको दायरामा ल्याउने कामपाले जनाएको छ ।

## मन्त्री...

मन्त्री फेर्ने चाहना प्रधानमन्त्रीले राख्नुभएको हो । ढिलो भएको थियो तर, अब यस सम्बन्धमा बाक्लो छलफल भएको छ । मोडालिटी फिक्स भएको छैन् । प्रधानमन्त्रीले शीर्ष नेताहरुसँग छलफल गरेर टुंगो लगाउनुहुन्छ ।'

नेता मिन विश्वकर्माका अनुसार राष्ट्रिय सभाको चुनाव पछाडि मन्त्री हेरफेरको निर्णय लागू हुने गरी छलफल हुनेछ । राष्ट्रिय सभाको अध्यक्षको निर्वाचन यही फागुन २९ गते निर्वाचन गर्ने कार्यतालिका छ ।

## अब...

भएको भन्दै संसदले सरकारलाई संसदीय डेस्कका लागि आग्रह गरेको थियो । जसलाई स्वीकार गर्दै सरकारले अगाडि बढाउन लागेको हो ।

यस सम्बन्धमा सभामुख देवराज घिमिरेले समेत पहल गरेका थिए । प्रधानमन्त्रीसँगको भेटमा सभामुख घिमिरेले मौखिक आग्रह गरेका थिए भने संसदीय समितिले लिखित रुपमै सरकारको ध्यानाकर्षण गराएको थियो । संसदीय डेस्कमा सरोकारवाला र जनताका गूनासाहरु समेत सुनिनेछन् । मन्त्रालयको कामकारबाही जो संसदीय गतिविधि वा कानुन निर्माणसँग सम्बन्धित हुन्छन् ति संसदीय डेक्स मार्फत संसदमा पठाउने भनिएको छ । संसदले दिएका निर्देशनको कार्यानवयनको अवस्थाका सम्बन्धमा पनि संसदीय डेक्सले नियमित रुपमा काम गर्ने बताइन्छ । संसदीय डेक्स भए संसदले दिएका निर्देशन र कार्यान्वयनको दस्तावेज रहने र उक्त दस्तावेजले मन्त्रालयमा मन्त्री र कर्मचारी फेरिएपनि काम गर्न सहज हुने संसद सचिवालय र सरकारको बुझाई रहेको छ ।

## यूएईमा...

संघले बताएको छ ।

मेला मूल आयोजक समितिका संयोजक खत्री तथा संघको यूएई संयोजक नारायण भुसाललगायत व्यवसायी तयारीका लागि एक हप्ता अगाडिदेखि यूएई रहेर तयारी गरेका छन् भने अध्यक्ष राजेन्द्र भण्डारी तथा महासचिव भुर्तेलसहितको व्यवसायी टोली बुधबार यूएई आएको थियो ।

नेपालले नेपाली कामदारका लागि नयाँ क्षेत्र खोजी गर्न १७ वर्षअघि २००७ को जुन ६ तारिकमा दुबईमै जव फेयर गरेको थियो । त्यसपछि यूएईको विकास तथा व्यापारी क्षेत्रमा ठूलो परिवर्तन भएपनि नेपालले जव फेयर गरेर बदलिएको परिस्थितिको अपडेट लिने र रोजगारदाताहरुलाई नेपालमा उपलब्ध श्रम जनशक्तिका बारेमा जानकारी गराउन पाएको छैन ।

यूएईस्थित नेपाली दूतावासमा कार्यरत काउन्सिलर श्रम दीनबन्धु सुवेदीले यूएईको रोजगारीमा प्रविधिका कारण धेरै परिवर्तन भएकाले जव फेयर छोटो समयमा हुनुपर्ने बताए । उनले नेपालले १७ वर्षको अन्तरालमा जव फेयर गरेपनि फिलिपिन्सजस्ता कामदार पठाउने मुलुकले छिटोछिटो जव फेयर गरेर रोजगारदाताहरुलाई आफ्नो देशमा रहेका जनशक्तिको बारेमा जानकारी गराउने गरेका कारण उक्त मुलुकले लाभ उठाएको बताए । नेपालबाट पररम्परागत निर्माण कामदार, सुरक्षागार्ड, सर्भिस तथा हस्पिटालिटी क्षेत्रमा गरी ५ लाख बढीले काम गरिरहेको पनि काउन्सिलर श्रम सुवेदीले मध्यान्हलाई बताए ।

यूएई नेपाली कामदारको प्रमुख श्रम गन्तव्य मुलुकका रुपमा रहेको छ । यूएई र नेपाल सरकारबीच यसअघि भएको सम्झौताअनुसार नेपाली कामदारको खर्च रोजगारदाताले नै व्यहोर्नुपर्ने व्यवस्था छ । सम्झौतामा कामदारले कुनै पनि शुल्क भुक्तानी गर्नु नपर्ने भएपनि रोजगारदाताको कमीकमजोरीका कारण कतिपय अवस्थामा कामदार शुल्क तिरेर जाने गरेका छन् ।

## कवाड...

यो गलत छ ।' जनताको कुरा नसुनेर काठमाडौंमा आतंक मच्चाउने काम भएको उनले बताए । 'काठमाडौंमा महानगरको आतंक चलेको छ । रोडमा स्वरोजगार मजदुरहरु कुटिन्छन् । कवाडहिरुमाथि डोजर चलाइएको छ । कतै सुकुम्बासीहरुलाइ आतंकित बनाइएको छ' उनले भनेका छन्, 'महानगरपालिकामाथि कानुन लाग्छ कि लाग्दैन ? यदि लाग्छ भने सरकारले महानगरमाथि नियमन गरोस् भन्ने आग्रह गर्न चाहन्छु ।'

कवाडीहरु महानगरबाट आतंकित, असुरक्षित र त्रसित रहेको उल्लेख गर्दै उनले प्रश्न गरे, 'हरेक व्यक्तिले व्यापार व्यावसाय गर्न पाउँछन् यो संवैधानिक हक हो । त्यसको रक्षा राज्यले गर्ने हो कि होइन ?' कवाड व्यावसायको सुरक्षाका लागि उनले सरकारसँग अनुरोध गरे । 'केन्द्र सरकारसँग, गृहमन्त्रालयसँग विशेष आग्रह गर्न चाहन्छु- ति कवाड व्यावसायीहरुको सुरक्षाको ज्ञारेण्टी गर्नुहोस् ।'

गैरकानुनी ढंगले कसैलाई व्यावसाय र पेशाबाट बन्चित गर्न नमिल्ने दोहोऱ्याउँदै उनले अगाडि भनेका छन्, ' महानगरपालिकाले मनोमानी ढंगले, गैर कानुनी ढंगले कवाड व्यावसायीहरुलाई आतंकित गराएको छ, बेदख्खल गर्न कोसिस भइरहेको छ । जबरजस्ती गरेर भगाउने काम भइरहेको छ ।'

महानगरपालिकाको यस्तो कार्यले लाखौं नागरिक रोजगारबाट बेरोजगार हुने उनको भनाइ छ । उनी थप्छन्, 'लाखौंलाई रोजगारबाट बेरोजगार बनाउने पर्यास भएको छ । राज्यले त रोजगारी दिनुपर्ने हो । रोजगारलाई व्यवस्थित गर्नुपर्ने हो, त्यसलाई आंतकित गर्नुपर्ने, रोडमा पुऱ्याउने, बोरजगार बनाउने काम राज्यको हुन्छ जस्तो लाग्दैन् ।'

# डिडिसीमा ठूलो परिमाणमा पाउडर दुध र मखन थन्कियो

**काठमाडौं/मस–**दुग्ध विकास संस्थान (डिडिसी)मा ठूलो परिमाणमा पाउडर दुध र मख्खन थन्किँदा किसानलाई रकम भुक्तानीमा समस्या देखिएको छ ।

डिडिसीले दैनिक रुपमा विभिन्न जिल्लाका कृषकमार्फत एक लाख ४० हजार लिटर दुध खरिद गर्दै आएपनि बजारमा दैनिक ९० हजार लिटरमात्र बिक्रीहुँदा समस्या देखिएको हो । संस्थानका उपमहाप्रवन्धक एवम् सूचना अधिकारी राजेन्द्रप्रसाद अधिकारीले डिडिसीमा ठूलो मात्रामा पाउडर दुध र मख्खन थुप्रिएर बस्दा समस्या देखिएको बताए ।

'हामीले मासिक ४२ लाख लिटर दुध विभिन्न किसानमार्फत खरिद गर्छौं तर बजारमा बिक्री २७ लाख लिटर हाराहारीमा मात्र हुन्छ, प्रत्येक महिना १५ लाख लिटर बराबरको पाउडर थुप्रिँदा समस्या भएको हो,' उनले भने ।

दैनिक ५० हजार लिटर दुधको मख्खन र पाउडर दुध बनाएर भण्डारण गर्दै आइरहेको उनको भनाइ छ । डिडिसीले गर्मी बढेपछि दहीको बिक्रीवितरण बढ्ने अपेक्षा लिएको छ ।

डिडिसीमा हाल रु सवा एक अर्ब बराबरको पाउडर दुध र मख्खन मौज्दात रहेको उपमहाप्रबन्धक अधिकारीले जानकारी दिए । उनका अनुसार हाल संस्थानमा नौ लाख किलो पाउडर दुध र सात लाख किलो मख्खन मौज्दात रहेको छ ।

संस्थानले हाल विभिन्न ४३ जिल्लामा उत्पादन भएको दुध आफ्नै चिस्यान केन्द्र र विभिन्न सहकारीमार्फत खरिद गर्दै आम उपभोक्तामाझ पुऱ्याउँदै आएको छ । दुग्ध विकास संस्थान मातहतमात्र हाल देशभर ६४ चिस्यान केन्द्र छन् ।

डिडिसीले हाल गुणस्तरका आधारमा चारण प्रतिशत घृताशं (फ्याट) र आठ प्रतिशत 'एसएनएफ रहेको दुधको न्यूनतम ६७ देखि अधिकतम ७२ शुल्कमा खरिद गर्ने गरेको छ । संस्थानले यसरी खरिद गरिएको दुध न्यूनतम प्रतिलिटर रु ८४ देखि अधिकतम रु एक सय २४ सम्म बिक्री गर्दै आएको छ । डिडिसीले दही प्रतिलिटर रु एक सय ५० र घिउ वितरकलाई प्रतिकिलो रु एक हजार ८० मा बिक्री गर्दै आएको छ ।

# दुई वर्षदेखि टिसीएल लगातार ग्लोबल टप-२ ब्रान्डको स्थानमा

**कृष्णानन्द भट्ट/मध्यान्ह**
काठमाडौं, १८ फागुन




टिसीएल इलेक्ट्रोनिक्सले मार्केट रिसर्च कम्पनी ओमडियाद्वारा फेरि ग्लोबल टप २ टिभि ब्रान्डको रूपमा मान्यता प्राप्त गरेको छ ।

ओम्डियाको ग्लोबल टिभी सेट रिपोर्ट २०२३ अनुसार टीसीएलले आफ्नो दोस्रो स्थान कायम राख्न सफल भएको छ । ब्रान्डद्वारा ग्लोबल टिभी बजार लगातार दोस्रो वर्ष, टिभीमा कुल २५.२६ मिलियन युनिट अर्थात् १२.५% बजार सेयर प्रतिनिधित्व गरेको छ । यो उपलब्धिको मूल कारण कम्पनीको मिनी एलइडी टिभी र प्रिमियम टिभीको श्रृंखला २०२३ मा बजारमा ल्याउनु नै हो ।

यो टिभीहरुले निकै चर्चा पाएका छन् । आफ्नो प्रिमियम टिभी उत्पादन पोर्टफोलियोलाई विस्तार गर्ने र अभिवृद्धि गर्ने लक्ष्यका साथ, टिसिएलले सन् २०१९ मा विश्वमै मिनी एलइडी टिभीको ठूलो उत्पादन गर्ने पहिलो कम्पनी भएको छ । यसको बहुस्वामित्व मिनी एलईडी टेक्नोलोजीकै कारणले टिसिएलले अतुलनीय डिस्प्ले गुणस्तर र यसका टिभीसँग प्रिमियम प्रदान गर्दै आएको छ । टिसीएलले गत वर्ष ९८ इन्च र सोभन्दा माथिको मिनी एलइडी टिभीको श्रृंखला पनि बजारमा सार्वजनिक गरेको छ । सिइएस २०२४ मा संसारको सबैभन्दा ठूलो ११५ इन्च क्युडी-मिनी एलइडी टिभीले उत्तरी अमेरिकामा डेब्यू गरेको थियो ।

टिसिएल इलेक्ट्रोनिक्स १०७०.यचके एक चर्चित उपभोक्ताको माझ चर्चित ब्रान्डको साथै विश्वव्यापी रूपमा अग्रणी टेलिभिजन उद्योग हो । टिसीएलले विश्वभर १६० भन्दा बढी देशहरु व्यापार विस्तार गरेको छ ।

कम्पनीले उपभोक्ता, इलेक्ट्रोनिक्सको अनुसन्धान, विकास र निर्माणमा फड्को मार्दै टिभी, अडियो, घरेलु उपकरण, मोबाइल उपकरण, स्मार्ट चश्मा लगायतका उत्पादनमा महत्वपूर्ण योगदान पुऱ्याउँदै आएको छ । नेपालमा टिसीएलको अधिकारिक बिक्रेता चौधरी ग्रुप अन्तर्गत इए ओल प्रा.लि. रहेको छ ।

## कुवेतमा रोजगार

कम्पनी: MY PASSION FOR SWEETS & PASTRIES
शहर: Kuwait

पुर्व स्वीकृत मितिः २०८०/११/१८ चलानी नं.: ६०२१५८२७ L.T. No.: 300925

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Light Driver/car Driver | 1 | 0 | सम्बन्धित काममा दक्ष | 150 | ६४,५३२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | waitress/waiter/cashier/prepared/kitchen Helper | 5 | 5 | | 145 | ६२,३८० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० फागुन २६ गते (9 March 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Govt.Lic.No 1562/079/080
ERAM OVERSEAS PVT. LTD.
Sinamangal-09, Kathmandu, Tel.: 01-4492260
Email: eramoverseas074@gmail.com
Web: www.eramoverseas.com

## तेमाल गाउँपालीका
### गाउँकार्यपालिकाको कार्यालय
पोखरीनारायणस्थान, काभ्रेपलाञ्चोक
बागमती प्रदेश

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८०/११/१९**

यस कार्यालयबाट मिति २०८०/०९/२७ गते आर्थिक राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित तेमाल गाउँपालिका अन्तर्गत तपशिल ठेक्काको लागि सूचना भए अनुसार पर्न आएका बोलपत्रहरुमध्ये तपशिलको बोलपत्र सारभूत रुपमा प्रभावग्राही देखिन आएकाले स्वीकृतिका लागि छनौट भएका हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) बमोजिम स्वीकृत गर्ने आशयको सूचना सम्बन्धित सबैको जानकारीको लागि प्रकाशित गरिएको छ ।

| क.सं. | ठेक्का नं. | विवरण | वोलपत्रदाताको नाम र ठेगाना | स्वीकृत रकम (मू.अ क सहित) | कैफियत |
|---|---|---|---|---|---|
| १ | NCB/W/TRM/Kavre/01/080-81 | Bohoredovan-Aadhabat-Dadhagaun-Rosaiba Road Upgrading work at ward 1 & 2 | Sujal and Simon Construction Pvt.Ltd., Ramechhape | ८३,८४,४१८.१६ (त्रियासी लाख चौरासी हजार चार सय अठार रुपैया सोह्र पैसा मात्र) | |
| २ | NCB/W/TRM/Kavre/02/080-81 | Rosaiba- Dadhagaun-Aadhabat-Bohoredovan Road Upgrading work at ward 4 & 5 | Sujal and Simon Construction Pvt.Ltd., Ramechhape | १,००,५५,०३५.७५ (एक करोड पचपन्न हजार पैतिस रुपैया पचहत्तर पैसा मात्र) | |
| ३ | NCB/W/TRM/Kavre/03/080-81 | Pachuwarghat-Samthali-Chaithali-Kudwal-Chheptadhunga-Pokhari Narayansthan Road Upgrading work at ward 3 | Sujal and Simon Construction Pvt.Ltd., Ramechhape | ५३,८६,४४३.७९ (त्रिप्पन्न लाख छयासी हजार चार सय त्रिचालिस रुपैया उनासी पैसा मात्र) | |
| ४ | NCB/W/TRM/Kavre/04/080-81 | Jambutapu-Mainajang-Gairigaun-Khatrigaun-Mechhepauwa Road Upgrading at ward 9 | R.R. Construction, Kavre | २३,९७,८५६.६९ (तेइस लाख सन्तानब्बे हजार आठ सय छपन्न रुपैया उनान्सत्तरी पैसा मात्र) | |

**प्रमुख प्रशासकीय अधिकृत**

# ‘पत्रकारितालाई जिम्मेवार बनाउन सामयिक कानून’

**भक्तपुर/मस-** प्रतिनिधिसभाका उपसभामुख इन्दिरा रानाले राज्यको चौथो अंगका रूपमा रहेको पत्रकारितालाई सक्षम, सुदृढ, व्यावसायिक र जिम्मेवार बनाउन समय सुहाउँदो कानूनको आवश्यकता औंल्याएकी छन् ।

सरकारले ल्याउन लागेको सामाजिक सञ्जालसम्बन्धी, मिडिया काउन्सिलसम्बन्धी र आमसञ्चारसम्बन्धी विधेयकलाई केन्द्रित गरेर शुक्रबार आयोजित छलफलमा उपसभामुख रानाले संविधानले नै प्रेस स्वतन्त्रता सुनिश्चित गरेको भन्दै कानुन निर्माणका क्रममा जनप्रतिनिधिले ख्याल गर्नुपर्ने बताइन् ।

देशमा प्रजातन्त्रदेखि गणतन्त्र ल्याउनमा पत्रकारिता क्षेत्रले महत्वपूर्ण भूमिका खेलेको भन्दै रानाले संविधानले गरेको व्यवस्थाबमोजिम स्वतन्त्रता, सूचनाको हक, सञ्चारको हक, गोपनीयताको हक सुनिश्चित हुने गरी मिडियासम्बन्धी कानून बनाउनुपर्नेमा जोड दिइन् ।

‘हामी कानून निर्माण गर्ने जनप्रतिनिधिले यस्ता विषयमा गम्भीर घनीभूत छलफल गर्न अपरिहार्य छ’, उनले



भनिन्,‘यी विषयमा अन्तर्राष्ट्रियस्तरमा के कस्ता प्रतिबद्धता जनाएको छ भन्ने कानुन बनाउने बेला ख्याल नगर्ने, नागरिक अधिकारलाई संकुचित गर्ने किसिमले ऐन कानून बनिरहेका छन् कि ? हामी संवेदनशील बनेर ख्याल गर्नुपर्छ ।’

उपसभामुख रानाले सूचना र अभिव्यक्ति स्वतन्त्रताको हक संविधानले नै ग्यारेन्टी गरेको भन्दै राज्यले कानून बनाएर बाँध्न खोजे पनि प्रविधिको विकासले हनन गर्न सम्भव नभएको बताइन् । नेपालले अन्तर्राष्ट्रियस्तरमा गरेका प्रतिबद्धता, देशको परिवेश र प्रविधिको विकासलाई समेटेर कानून बनाउनुपर्ने उनको सुझाव थियो ।

‘मौलिक हक तथा अधिकारलाई कायम राख्ने कानून, नीति र प्रक्रिया तर्जुमा, समीक्षा र कार्यान्वयन गर्न यस कार्यक्रमले आवश्यक ज्ञान र स्रोत प्रदान गर्नेछ । जसले अझ खुला लोकतान्त्रिक र पारदर्शी समाज निर्माणमा योगदान पुऱ्याउनेछ’, उनले भनिन् ।

इन्टर पार्लियामेन्ट युनियन (आइपीयु) को मानवअधिकार कार्यक्रम व्यवस्थापक रोगिर हुइजेन्गाले अभिव्यक्ति स्वतन्त्रता मानवअधिकारको आधारभूत विषय भएको बताए । हुइजेन्गाले अन्तर्राष्ट्रिय अभिसन्धिअनुसार नेपालले कानून बनाउने र कार्यान्वयनबाट अभिव्यक्ति स्वतन्त्रता संरक्षण गर्ने प्रतिबद्धता जनाएको भन्दै कानून निर्माणमा संसद्ले यसलाई सम्बोधन गर्नुपर्ने बताए । नेपालको अभिव्यक्ति स्वतन्त्रता कानून अन्तर्राष्ट्रिय मापदण्डअनुरूप बनाउन आइपियुले सहयोग गर्ने समेत उनले प्रतिबद्धता जनाए ।

संयुक्त राष्ट्रसंघीय शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक सङ्गठन (युनेस्को) ले आयोजना गरेको अभिव्यक्तिको स्वतन्त्रता, सूचनाको अधिकार र पत्रकारको सुरक्षा विषयक कार्यक्रममा संघीय संसद्का २० भन्दा बढी सांसद सहभागी छन् । कार्यक्रममा युनेस्कोका अभिव्यक्ति स्वतन्त्रता विज्ञ गुइलहर्मे कनेलाले अभिव्यक्ति स्वतन्त्रताको विश्वव्यापी र क्षेत्रीयस्तर अभ्यासबारे प्रस्तुति दिएको थियो भने नेपालको सन्दर्भमा सन्तोष सिग्देलले प्रकाश पारेका थिए ।

# विपत् न्यूनीकरणका लागि अर्घाखाँचीमा डेमो अभ्यास

**सुर्य प्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, १८ फागुन




अर्घाखाँचीको सन्धिखर्कमा विपत् न्यूनीकरणका लागि डेमो अभ्यास प्रदर्शन गरिएको छ। जिल्ला प्रशासन कार्यालय अर्घाखाँची, ईश्वरी बक्स गुल्म जिल्ला प्रहरी कार्यालय अर्घाखाँची, सशस्त्र प्रहरी बल ३६ नम्बर गुल्म अर्घाखाँचीको संयुक्त आयोजनामा डेमो अभ्यास प्रदर्शन गरिएको हो ।

जिल्लामा आगलागी नियन्त्रण तथा विपद प्रतिकार्य जोखिम न्यूनीकरण सम्बन्धी उक्त डेमो अभ्यास प्रदर्शनी गरिएको कार्यक्रमका प्रमुख अतिथि सन्धिखर्क नगरपालिकाका प्रमुख कृष्णप्रसाद श्रेष्ठले बताए ।

शुक्रबार नेपाली सेनाको अगुवाइमा र जिल्ला विपद व्यवस्थापन समितिको संयुक्त सहकार्यमा कार्यक्रम आयोजना गरिएको हो। कार्यक्रमको अध्यक्षता प्रमुख जिल्ला अधिकारी कमल राज ढकालले गरेका थिए ।

कार्यक्रमले जिल्लामा हुने कुनै पनि बाढी, पहिरो, आगलागी लगायतका विभिन्न प्रकोपबाट क्षति हुनबाट पूर्व तयारीका लागि ईश्वरी बकस गुल्म र सुरक्षा निकाएको टोलीले डेमो अभ्यास प्रदर्शनी गरेको प्रहरी नायब उपरीक्षक प्रतित सिंह राठौरले बताए ।

सदरमुकाम सन्धिखर्कको टुँडिखेलमा गरिएको डेमो प्रदर्शनीमा गाउँटोल, बन जंगलमा गर्मीयाम शुरु भएसँगै हुने आगलागी नियन्त्रण बारे विद्यार्थी सरोकारवाला, सर्वसाधारणलाई जनचेतना जगाइ विपत् न्यूनीकरण गर्ने उद्देश्यका साथ जनचेतनामूलक उक्त अभ्यास गरिएको प्रमुख जिल्ला अधिकारी ढकालले बताए ।

यसअघि पनि सार्वजनिक कार्यक्रमहरुमा शस्त्र प्रहरी बल ३६ नम्बर गुल्मले ग्यासको सिलिण्डरमार्फत हुने आगलागी, विद्युत लगायतका विभिन्न प्रकोपले घरमा लाग्ने आगोलाई समेत नियन्त्रण लिने र अग्ला पाखाहरुबाट खसेपछि कसरी उद्धार गर्ने विषयमा प्रदर्शनी गर्दै आएको थियो ।

आगलागीबाट घाइते भएका व्यक्तिहरूको उद्धार गर्ने तरिका, विपत्मा सुरक्षाकर्मी रेडक्रसका प्रतिनिधि जनप्रतिनिधिहरु परिचालन हुने तथा बिरामीहरुलाई उद्दार गरी हस्पिटलसम्म पुऱ्याउने तरिका तथा आगलागी भएको ठाउँमा दमकलको भूमिकाका विषयहरु समेटेर डेमो प्रदर्शनी गरिएको थियो ।

डेमो प्रदर्शनी कार्यक्रमलाई सम्बोधन गर्दै सन्धिखर्क नगरपालिकाका नगरप्रमुख कृष्णप्रसाद श्रेष्ठले जिल्लाभित्र हुने सबै विपत्का घटनाहरुको न्यूनीकरणमा सुरक्षा निकायको उत्कृष्ट भूमिका रहेको बताउँदै सुरक्षा निकायसँग सहकार्य गरेर यस्ता खालका घटनाहरु हुन नदिन स्थानीय सरकार सचेत रहेको बताए ।

नगरप्रमुख श्रेष्ठले अर्घाखाँची जिल्लामा गर्मियाम बढेसँगै धेरैठाउँमा आगलागीका घटनाहरु हुने र सबै पालिकामा दमकल सेवा नहुँदा सन्धिखर्क नगरपालिकाले जिल्लाभर दमकल सेवा दिइरहेको बताउँदै डेमो प्रदर्शनी कार्यक्रममा सहभागी सबैलाई धन्यवाद दिए ।

कार्यक्रममा कृषि ज्ञान केन्द्र अर्घाखाँचीका प्रमुख उपसचिव बुद्धिराज घिमिरे, सन्धिखर्क नगरपालिका वडा नम्बर ९ का अध्यक्ष पदम बहादुर भुसाल, सन्धिखर्क नगरपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत मन्जु खनाल, जिल्ला प्रशासन कार्यालयका अधिकृत नुमलाल पन्थी, दुर्गा न्यौपाने, नेपाल रेडक्रस सोसाइटी अर्घाखाँचीका सभापति कुशल भुसाल, पत्रकार महासघका अध्यक्ष अशोक खनाल, उद्योग वाणिज्य संघका अध्यक्ष प्रदिप मिश्र, प्रहरी निरीक्षक विक्रम रिजाल लगायतको उपस्थिति रहेको थियो ।

# घरेलु हिंसासम्बन्धी ४ हजार बढी उजुरी फछ्र्यौंट

**काठमाडौं/मस-** घर परिवार भित्र वा घरेलु सम्बन्ध भएका व्यक्तिसँग गाँसिएर हुने हिंसा जन्य शारीरिक, मानसिक, यौनजन्य वा आर्थिक यातना नै घरेलु हिंसा हो । यसले गाली गर्ने तथा भावनात्मक चोट पुऱ्याउने अन्य कुनै कार्यलाई समेत जनाउँछ । यो राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समस्याको रूपमा देखा परेको छ ।

चालु आर्थिक वर्षको साउनदेखि पुससम्म ६ महिनाको अवधिमा घरेलु हिंसा सम्बन्धी ८ हजार २०८ वटा मुद्दा दर्ता भएका छन् । तीमध्ये ४ हजार ९७ उजुरी फछ्र्यौंट भएका छन् । सो अवधिमा घरेलु हिंसाबाट जम्मा ८ हजार २१४ जना पीडित भएका छन् । तीमध्ये ७ हजार ४०१ जना महिला र ८१३ जना पुरूष छन् । जम्मा पीडितमध्ये काठमाडौं उपत्यकामा १ हजार २२३, कोशी प्रदेशमा ८८२, मधेश प्रदेशमा २ हजार ७३७, बागमती प्रदेशमा ६३८, गण्डकी प्रदेशमा ३२८, लुम्बिनी प्रदेशमा १ हजार ३६७, कर्णाली प्रदेशमा ३९९ र सुदूरपश्चिम प्रदेशमा ६४० रहेका छन् ।

घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६ ले घरेलु हिंसालाई अपराध मानेको छ । पीडितलाई कानूनी सुरक्षा प्रदान गरेको छ । नेपाल प्रहरीका केन्द्रीय प्रहरी प्रवक्ता प्रहरी नायव महानिरीक्षक भिम प्रसाद ढकाल भन्छन्,‘घरेलु हिंसा विश्व मै गम्भीर समस्या हो । यसले सामाजिक, मानसिक, आर्थिक, पारिवारिक असर गर्छ । यसैले नेपाल प्रहरीले घरेलु हिंसा नियन्त्रण तथा अनुसन्धानलाई समेत प्राथमिकतामा राखेको छ । घरेलु हिंसा विरूद्ध प्रचलित कानूनको कार्यान्वयन गरी पीडितलाई न्याय दिने काम भइरहेको छ । मदिरा सेवन, तेस्रो व्यक्तिसँगको सम्बन्ध, अरूको देखासिकी, मानिसमा पछिल्लो समय देखा परेको अधैर्यपन, शिक्षाको कमी भएका परिवारहरूमा घरेलु हिंसा भएको देखिन्छ । यस्ता घरेलु हिंसा कानुनी पहलको साथै जनचेतना र सचेतनाबाट न्यूनीकरण गर्न सकिने भएकोले प्रहरीले सचेतना कार्यक्रम समेत सञ्चालन गर्दै आएको छ । घरेलु हिंसा न्यूनीकरण गर्न सरोकारवाला पक्षबाट समेत पहल हुनु जरूरी छ ।’

घरेलु हिंसा भएको, भइरहेको वा हुन लागेको थाहा पाउने जुनसुकै



व्यक्तिले सो सम्बन्धी विवरण खुलाई प्रहरी कार्यालय वा राष्ट्रिय महिला आयोग वा स्थानीय तह समक्ष लिखित वा मौखिक उजुरी दिन सक्छन् । प्रहरी कार्यालयमा दर्ता भएका उजुरीमा प्रहरी कार्यालयले बाटोको म्याद बाहेक २४ घण्टाभित्र पीडकलाई झिकाइ र अटेर गरे पक्राउ गरी बयान गराउनुपर्ने कानूनी व्यवस्था छ। चालु आर्थिक वर्षको साउनदेखि पुससम्म ६ महिनाको अवधिमा घरेलु हिंसाका जम्मा ९ हजार २४६ जना पिडक छन् । तीमध्ये ७ हजार ४७८ जना पुरूष र १ हजार ७६८ जना महिला छन् । जम्मा पिडकमध्ये निरक्षर ३ प्रतिशत, सामान्य साक्षर ७७ प्रतिशत, विद्यालस्तर १४ प्रतिशत र प्रमाणपत्र तह भन्दा माथि ६ प्रतिशत रहेका छन्। नेपाल प्रहरीमा दर्ता भएका उजुरी सम्बन्धी आर्थिक वर्ष २०७९/०८० सम्मको तथ्यांक हेर्दा कुल लैंगिक हिंसाको ८० प्रतिशत घरेलु हिंसा रहेको देखिन्छ।

प्रहरी कार्यालयमा पर्ने घरेलु हिंसा सम्बन्धी उजुरी महिला तथा बालबालिका सेवा केन्द्रहरूले हेर्ने गरेका छन्। समग्र अनुगमन नेपाल प्रहरी प्रधान कार्यालय महिला बालबालिका तथा जेष्ठ नागरिक सेवा निर्देशनालयले गर्दछ । निर्देशनालयका प्रहरी उपरीक्षक बाल नरसिंह राणा भन्छन्, ‘पीडित केन्द्रित अनुसन्धानको लागि पीडितलाई उजुरीमा सहज पहुँच, पीडितको सुरक्षा, पीडितको उद्दार, परामर्श, पुर्नस्थापना लगायतका पक्षलाई ध्यान दिइएको छ । पीडितलाई सेवा प्रवाहको केन्द्रमा राखी घरेलु हिंसा उजुरीको उचित एवम् समयमा नै व्यवस्थापनमा जोड दिइ काम गरिरहेका छौं ।’

घरेलु हिंसा गर्नेलाई ६ महिना कैद वा ३ हजारदेखि २५ हजार रूपैयाँ जरिवाना वा दुवै सजाय हुन्छ। घरेलु हिंसा भएको गरेको मितिले ९० दिनभित्र सम्बन्धित निकायमा उजुरी गर्नुपर्दछ। प्रहरी कार्यालयमा प्राप्त उजुरी कार्यान्वयन सम्बन्धमा प्रहरी नायव महानिरीक्षक ढकाल भन्छन्,‘घरेलु हिंसालाई समयमै न्यूनीकरण गर्न आवश्यक छ। घरेलु हिंसा कै कारण घट्ने गम्भीर तथा जघन्य प्रकृतिका अपराध समेतको रोकथाम तथा नियन्त्रणलाई महत्वका साथ हेरिएको छ। प्रहरीमा प्राप्त हुने उजुरी तत्काल सम्बोधन गर्न र पीडितलाई न्याय दिन प्रहरी सक्रिय छ ।’

घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६ र घरेलु हिंसा (कसूर र सजाय) नियमावली, २०६७ लागू भएको छ । ऐन तथा नियमावलीको उचित कार्यान्वयन तथा घरेलु हिंसा सम्बन्धी विभिन्न सचेतनामूलक कार्यक्रम सञ्चालन, प्रहरी कर्मचारीलाई तालिम सञ्चालन, स्थानीय निकायहरूसँग आवश्यक समन्वय एवम् सहकार्य हुँदै आएको छ ।

# कृषि मेलामा कृषक समूह र कृषकलाई सम्मान

**सन्तोष पौडेल/मध्यान्ह**
बर्दिया, १८ फागुन




गेरुवा गाउँपालिकाको वडा नं. ४ नवज्योती बजारस्थित गेरुवा खेलग्राममा आयोजित पालिका स्तरिय तेस्रो कृषि मेला प्रदर्शनीमा उत्कृष्ट कृषक तथा समूहहरुलाई पुरस्कृत एवम् सम्मान गर्दै सम्पन्न भएको छ ।

‘समृद्ध गेरुवा गाउँपालिकाको आधार, कृषि, पर्यटन र पूर्वाधार’ भन्ने नाराका साथ आयोजना गरिएको कृषि मेला प्रदर्शनी पञ्चदेवल विनायक नगरपालिका विनायक अछामकी नगर प्रमुख अम्बिका चलाउने र गेरुवा गाउँपालिकाका अध्यक्ष जमान सिंह के.सी.ले संयुक्त रुपमा बिरुवामा पानी सिँचाइ तथा पानसमा दिप प्रज्वलित गरेसँग शुरु भएको थियो ।

गेरुवा गाउँपालिका, गाउँपालिका स्तरिय कृषक समन्वय समिति, गाउँपालिका अन्तर्गतका गठित कृषक समूह तथा कृषि सहकारी संयुक्त आयोजनामा सञ्चालित कृषि मेला प्रदर्शनीको समापनका अवसरमा गाउँपालिमा गठित कृषक समूह तथा कृषकहरुले उत्पादन गरेका विभिन्न प्रजातिका खाद्यान्न बाली, फल तरकारी समूह, काउलीवाली, नगदे बाली, आलु वाली, माछा तथा हास, सागपात समूह, जरे वाली , फलफुल वाली, लहरे वाली, मसला बाली एवम् विविध गरी १२ वटा वस्तुगत तथा स्टल सजावट, झाँकी र सांस्कृतिक झलक गरी १५ वटा विद्यामा प्रथम, द्वितीय, तृतीय र सान्त्वना प्राप्त गर्ने ७६ वटा कृषक समूह तथा कृषकहरुलाई नगद परस्कारसहित प्रमाणपत्रले सम्मान गरिएको थियो ।

**Invitation for Electronic Bids**

**Kamal Rural Municipality**
**Office of Rural Municipal Executive**
**Koshi, Province, Jhapa**

**First Date of publication: 2080/11/19 (2024/03/03)**

1. *Kamal Rural Municipality, Topgachhi , Jhapa* invites electronic bids from eligible bidders for the following Construction works.

| Contract ID No. | Name Of The Procurement | Procurement method | Eastimated Amount (with VAT&PS) (NRs) | Pre Bid Meeting | Bid Security Amount(Nrs) | Bid Document Fee (NRs) | Bid Submission Date | Bid Opening Date |
|---|---|---|---|---|---|---|---|---|
| 21/KRM/ ROAD/ 2080/081 | Road Upgrading From Kerkha Chock Utter Chulachuli Road (Blactop) | NCB-WORKS | 25,07,132.06 | 2024/03/24 (2080/12/11) Time 11:00 AM | 55,500.00 | 3,000.00 | 2024/04/02 (2080/12/20) Time 12:000 | 2024/04/02 (2080/12/20) Time 13:00PM |

2. Eligible Bidders may obtain further information and inspect the bidding document at the office of Kamal Rural Municipality, Topgachhi, Jhapa 023-475081, info@ kamalmun.gov.np or may visit PPMO e-GP systemwww.bolpatra.gov.np/egp.

**CHIEF ADMINISTRTIVE OFFICER**

GET YOUR eVISA FOR MALAYSIA
Authorized by Government of Malaysia for Visa Processing
Hello Travels Pvt. Ltd.
Say Hello ! to your Destination
Metro Park Building, Third Floor, Uttar Dhoka
Lazimpat-2, Kathmandu, Nepal
+977-1-4419871
+977-9808819329 / 9818827005/ 9746459621
nepal.osc@gmail.com
थप जानकारीको लागि
QR SCAN गर्नुहोस्
You are one SCAN away from getting your VISA!
TRAVEL THE WORLD
Best Airfare and Wide Variety of Choices
Harvest Moon
Travel and Tours (P.) Ltd.
Harvest Moon Building, Gairidhara,
Naxal, Kathmandu, Nepal
+977-1-4415574 / 4415526 / 4415517 / 4415442
harvestmoon@mos.co.np
www.harvestmoongroup.com

कथा

# अभाव र अस्मिता



■ रीता ताम्राकार



ऊ .... अर्थात् अस्मिता ! आज उसको विवाहमा जानुपर्ने । एउटा राम्रो र गतिलो उपहार किनेर ल्याएकी छु । हतारिएका छन् मेरा नयनहरू उसलाई बेहुलीको रूपमा देख्न । “अस्मिता, बधाई छ है तिमीलाई । साथमा तिम्रो दाम्पत्य जीवन फलोस् फुलोस् त्यसका लागि शुभकामना !” उपहार अस्मिताका हातमा राखिदिए ।

आफ्ना ठूला-ठूला मृगनयनी आँखामा श्रृङ्गार थपिएर अत्याधिक मनमोहक देखिएको छ । त्यसलाई पर्लक्क पल्टाएर हेरिन् । हेर्दाहेर्दै त्यो मृगनयनी आँखामा अश्रुरूपी अमृत रसायो र मलाई लाग्यो, त्यो आँसु भन्दैछ, “मेरो सुख दुःखको साथी, संघर्षको साक्षी । जीवनरूपी पुस्तकको गहिरो अध्ययन गर्ने एक मात्र पाठक । म आज तपाईंदेखि टाढा हुँदैछु । तैपनि तपाईं खुशी हुनुहुन्छ ?” झसङ्ग भएँ । मेरो आँखामा पनि दुई थोपा मोती बस्यो, ऊप्रति स्नेह श्रद्धा स्वरूप ।

मलाई नजिक बस्न अनुरोध गरी । म ऊसँगै गएर बसेँ । वैवाहिक कार्य सुखद हुँदाहुँदै छोरी विदाई गर्नुपर्ने पीडायुक्त कार्य । विस्तारै मेरो हात समाती उसले । कता-कता लाग्यो उसको आँखाले भन्दा बढी कुरा स्पर्शले गरिरहेछ । अरूको बारेमा त भन्न सक्दिन तर, म कुनै त्यस्तो दृश्य देख्छु जुन विस्मयकारी छ । अस्वभाविक छ र मार्मिक पनि छ । त्यसलाई गहिरोसँग जान्न र बुझ्न उत्सुक बन्छु । रोक्न सक्दिन आफ्नो उत्सुक उत्कण्ठालाई । मैले लगाउने बन्धन वा अंकुशभन्दा धेरै पर उछिट्टिन्छ मेरा जिज्ञासाहरू । मेरो वेगभन्दा धेरै वेगवान हुन्छ, उसको गति ।

अस्मितारूपी पुस्तकको पहिलो पाना यसरी पल्टेको हुन्छ मेरा अगाडि । पछाडि आङ्गमा सानो बच्चालाई ओढ्नेले बाँधेर आफ्नो शरीरभन्दा धेरै गुणा थुप्रो थुपारिएको माटो खुट्टाले क्याच क्याच मिचिरहेकी हुन्छे आँसु पुछ्दै नौ/दश वर्षकी एक बालिका । हिँडदा हिँडदै मेरो पाइला रोकिन्छ । निर्मिमेष दृष्टिले त्यो जीवन बाँच्ने क्रमको कटु सत्यपक्षलाई निहारिरहेकी हुन्छु । अचानक कानमा ठोकिन्छ “तेरी आमा मरी भनेर रुँदै काम गरेकी हो कि बाबु मर्‍यो भनेर ? बाबुको काट्टो र आमाको लादी घिच्नु परेपछि काम गर्न पर्दैन ? त्यस्तै काम गर्न मन नहुनेले गरिबको घरमा जन्म किन लिनु ? लखपतिको घरमा लिए हुन्थ्यो नि ... । राँडी बिहान बिहान मेरो मूत आँखाबाट झारेर अलच्छिना जोगाउँछे ।”

अभावमा पिल्सिएर कर्कश बनेको आवाज । ममता, स्नेह ताकमा थन्क्याएर निर्मम बन्न बाध्य लाचार आवाज । वात्सल्यले लपक्क भिजेको आवाजलाई जितेर निस्केको दरिद्रताको निर्दयी आवाज । म खङ्गङ्ग भएँ । अझ उसलाई नियालेँ । ऊ झन् छिटोछिटो खुट्टा चलाइरहेकी छे र त्यही गतिमा आँशु पनि पुछिरहेकी छे ।

मन कस्तो कस्तो भयो । विरक्तिपनले मन निमोठियो । छिनभरि कामको व्यस्तताबीच पनि उसको आँशुले भिजेको मुहार नाचिरह्यो आँखामा । देशमा विद्यमान गरिबी र बेरोजगारी आएर हाँसी रह्यो मनमा । गरिबी हटाउँछु देश बनाउँछु, जनतालाई रोजगार दिलाउँछु । भनेर कुर्लने स्वार्थी नेताहरूको आवाज गुन्जिरह्यो कानमा । मनभरि तिक्तता भरियो ।

साँझ घर फर्कन अलि ढिला भयो । त्यहीँ आइपुगेपछि हेर्छु छैन बिहानको दृश्य । पाइला अलि अघि बढेपछि अझ अचम्मको दृश्य देख्छु । अस्मितारूपी पुस्तकको अर्को पन्ना । ऊ तान्दैछे एक मातेको मत्थुलाई, जो सम्भवतः उसको बाबु हुनुपर्छ । एक पिलन्धरे बालिकाले त्यस्तो ठूलो मान्छे जसमा रक्सीको बल थपिएको छ कहाँ तान्न सक्नु ?

“चुप लागेर घर हिँडनु... । हिँडनु भन्दैछु ।” रुँदै तान्दैछे । कहिले हात समातेर, कहिले लुगा समातेर । देख्दैछु, भएभरको बल लगाउँदा पनि आफ्नो लक्ष्य प्राप्त रत्तिभर भएको छैन उसलाई । “छोड् ... । म जान्न घर । म त्यसलाई छाड्दिन । त्यसले मलाई हेपेको ? मेरो गरिबीको खिल्ली उडाउने त्यो ? के खाएको छु त्यसको बाबुको मैले । छोड् म त्यसको टाउको फुटाउँछु । छोड् मलाई ।” बाबु चाहिँ छुटाउँदैछ छोरीको पकड । छोरीले छाड्न नमान्दा घरिघरि छोरीलाई पिट्नसम्म पछि परेको छैन त्यो । जड्याहा !

देख्दा बडो मर्मस्पर्शी छ त्यो दृश्य । मन कटक्क दुख्ने । धेरैबेरसम्म तान्ने र छोडाउने क्रमपछि पनि कसैले गन्तव्य भेट्न सकेनन् । वरपर घरमा शान्ति बिथोलिएछ क्यार । नजिकैको घरबाट एउटी महिला निस्केर मज्जाले हप्काइन जँड्याहालाई ! “ए मतुवा ! लाज छैन ? हेर बालक छोरीले घर लान त्यत्रो बल गर्दा पनि बाबु भएर गति छाडेको । कुकुरको मुत धोकेर साथीभाइसँग झगडा गर्दा भोलि बोल्नु पर्दैन फर्केर ? जा... चुपचाप छोरीसँग घर जा । किन पिर्छस् स्वास्नी छोराछोरीलाई । जा खुरुक्क ।” महिलाको खप्कीले मतुवाको मुख बन्द नभए पनि पाइला बढ्यो घरतर्फ ।

मेरा लागि ऊ अब बेला-बेला सम्झनु पर्ने बालिका बन्न पुगी । उसलाई लिएर अब मेरो मनमा दयनीय भावमात्र छैन । उसका लागि मेरो मनमा अरू बच्चाहरूको भन्दा दुई तहमाथि ठाउँ छ । त्यो दिन अझ उच्च बनेकी थिई ऊ मेरो नजरमा । दुईजना भाइ अघि लगाएर किराना दोकान आइपुगेकी थिई ऊ पनि, जहाँ आफ्नो काम लिएर म पहिला नै उपस्थित थिए ।

“दुईवटा कपी र दुईवटा डट्पेन दिनुस्न अंकल” उसले मागी । तीनै दिदीभाइलाई मज्जाले नियाले मैले । मैले पढ्ने चाखलाग्दो पुस्तक अस्मिता ।

एउटा मैलो थोत्रो सर्ट र त्यसैलाई सुहाउँदो जामा लगाएकी छ । कपालमा तेल र काईंयोले धेरै दिनदेखि नदेखेजस्तो । हातगोडामा हिलो माटोको सुकेको दागहरू । उसले मसँग आँखा जुधाई आँखा भरि हाँसो भरेर । कति सजीव, कति राम्रा आँखा म दङ्ग परें । उसको हाँसोको जवाफ मधुर मुस्कान र ममत्वभरि नजरले दिएँ र एकनजर उसका दुवै भाइहरूमाथि सोझ्याएँ । उनीहरू पनि दरिद्रताको प्रतीक नै थिए । एक एक थोत्रा सर्ट र त्यस्तै थोत्रिएका सुरुवालमा छन् । गोडामा चप्पल तीनैजनासँग छैन ।

“दिदी ! चकलेट किनिदे न ... ।” भाइहरूको आग्रह ।

“अँ ... । यो पैसा फिर्ता लगेन भने बुबाले मार्दैनन् । चुप लागेर जाओ ।” दिदी चाहिंको अर्डर । भाइहरूको पुनः विरोध ।

अन्ततः दिदीले अभिभावकत्वको खास्टो ओढेर एक एक मिठो मुड्की भाइहरूको ढाडमा कस्दै चकलेट किनिदिई । भाइहरू उफ्रदै गए स्कुल । ऊ आँखाभरि ममता र तृष्णा बोकेर भाइहरू हिडेंको गोरेटो निहार्छे ।

“अस्मिता ! तिमीचाहिँ जान्नौ स्कुल ?” म सोध्छु । जान्नको संकेतमा ऊ टाउको हल्लाउँछे । “किन नगएकी ? पढ्नु पर्दैन ? तिम्रा बुबाआमाले तिमीलाई पढ्न जाऊ भन्दैनन् ?” सायद अनाहकमै मैले अस्मितालाई बढी प्रश्न गरें कि ? आफ्नै प्रश्नमाथि शंका लाग्छ । फेरि देख्छु, मेरो प्रश्नले औंशिको रातजस्तै अँध्यारिएकी छे अस्मिता । थकथक लाग्छ व्यर्थै एउटी बच्चीलाई दुःखी बनाएकोमा ।

“अस्मिता ! रिसाएकी मसँग ?” म मसिनो स्वरमा भन्छु । पुलुक्क हेर्छे मतिर । अहो ! कति व्यथा र तृष्णा बोकेका आँखाहरू । तर पनि निराश छैन । थकित छैन । आशा छन् सल्बलाएका आँखाभरि । जीवनप्रति मोह बोकेका छन् ती आँखाले ।

“होइन दिदी ! किन रिसाउनु ? मेरो भाग्यमा पढ्ने लेखेकै छैन । म स्कुल गएँ भने कसले घरको काम गर्छ ? कसले भाइ हेर्छ । बुबा रक्सी खाएर मात्छ सधैं । आमा र म भएर माटाका भाँडा बनाउँदै हाटबजारमा बेच्छौ । त्यसैबाट गुजारा गर्नुपर्छ । मलाई पढ्ने रहर त धेरै छ तर पढ्न नपाएकामा दुःखी छुइन । आफुले पढ्न नपाए पनि भाइहरू त गएका छन् पढ्न । खुशी छु म ।”

अहो ! कस्तो महानता, कस्तो त्याग । कस्तो सकारात्मक सोचको कुरा । यो सानो उमेरमा कत्रो परिपक्वता, कत्रो सुझबुझ । मेरो दृष्टिमा ऊ अझ उच्च बन्न पुगी । उसको कुराले मभित्र पारिलो घामको न्यानो किरण छरियो । मैले गदगद हुँदै उसको शिर मुसारे निःशब्द । मेरो स्पर्शमा के पाई कुन्नि मसक्क मस्की मुस्कुराउँदै । सन्तुष्टिको आभास मुहारभरि पोत्दै “जान्छु ल दिदी ! सानो भाइले मलाई खोज्यो होला । खाना खाएर माटाका घैंटाहरू हटिया लानुछ ।” रमाउँदै पुतली जस्तो उडी उडी घुम्ने उमेरमा व्यवहारमा चुर्लुम्म डुबेकी छे मेरो पुस्तक । म हेरिरहन्छु ऊ उफ्री-उफ्री घर फर्केको ।

एकदिन देख्छु, अस्मिता खुल्ला रिक्सामा अलिकति माटाका भाँडा राखेर त्यसैमा आफ्ना भाइहरू राखेर मरिमरि रिक्सा तान्दैछे । उठीउठी साह्रै कष्टसँग रिक्साको पाइडल चलाउँदैछे । कठै ! मेरो मन उसको स्थितिमाथि हाहाकार गर्न पुग्छ । लाग्यो छोरीका लागि समय आज पनि कुहिरोभित्रै रहेछ ।

अस्मिताले सामान सँगसँगै भाइहरूलाई पनि रिक्सामा राखेर मरिमरि तान्नु उसको विवशता थियो कि रहर ? किन स्कुल जान सक्ने भाइहरूले दिदीले नसकी नसकी चलाइरहेको रिक्साबाट ओर्लेर पछाडिबाट रिक्सा ठेलेनन् ? यो पुरुषले नारीमाथि गर्ने अन्याय र शोषणको प्रतीक हो कि अथवा दिदीको भाइप्रतिको माया ? वा नारी आफू पूर्णमानव हुनुको स्वअस्तित्व पहिचानको कमी ? मेरो टाउको रिङ्ग्याउँछ फनफनी । प्रश्नहरू मनमा उठ्छन्, जवाफको अभावमा माकुराको जालोजस्तै जेलिँदै जान्छ । जुन प्रश्नको उत्तर छैन । जुन प्रश्नको औचित्य छैन । त्यो प्रश्न दोहोर्‍याई रहनु किन ? आफैंसँग झनक्क रिस उठ्छ ।

अस्मिताको संघर्षलाई न त शीतले छेक्यो न त रापले । न त उज्यालोले रोक्यो, न त अँध्यारोले । उसको संघर्ष अनवरतरूपमा जारी छ, निरन्तर जारी छ । ऊ विस्तारै हुर्कँदै गई । पूर्ण यौवनाको रूपमा फक्रन नपाई संघर्षको जीवनबाट दाम्लो फुकाएर व्यवहारको किलामा बाधिँदैछन् उसलाई । उसले स्वतन्त्र भएर दुईपल सुखभोग कहिले गर्ने ? “दिदी ! मलाई नबिर्सनुस् है ... ।” अवरुद्ध कण्ठमा आग्रह गर्छे ऊ । म झसङ्ग हुन्छु । म त अतितको बादलमा चरी बनेर फन्को मार्दै रहेछु । उसको अवरुद्ध कण्ठले म नमिठो गरेर दुख्छु । र उसलाई थुमथुम्याउँदै थर्थराएको स्वरमा भन्छु !

“अस्मि ! म तिमीलाई कहिले बिर्सन सक्दिन । तिमी त त्यो पुस्तक हौ, जसलाई मैले धेरै गहिरिएर अध्ययन गरेकी छु । तिमी संघर्ष र त्यागकी साक्षात् प्रतिमा । तिमीले यो घरलाई जसरी धानेकी थियौ, त्यसरी नै अब भित्रिने घरलाई पनि धान्नुपर्छ तिमीले । मेरो आशीर्वाद छ तिमीलाई । तिमीलाई म जीवनको हरेक उकाली ओरालीमा सम्झिरहने छु अस्मि ।” म उसको शिरमा हात राख्छु । ऊ तरक्क रुन्छे । मन मेरो धमिलो बन्छ । तर पनि बल गरेर आँसु थाम्छु । धेरैबेर त्यहाँ बस्न मेरा लागि कष्टप्रद हुन्छ । म निस्कन्छु बाहिर । देख्छु, आज पनि उसको जँड्याहा बाबुको ताल उही छ । जुन वर्षौं पहिले थियो । तर, उसकी आमाको आँखा छोरीको विछोडको कल्पनामा टोलाएको छ । हुन पनि ती महिलालाई साथ र सहारा थियो एकमात्र छोरीको । बाबु त बाबु भइहाले, छोराहरू सानै छन् ।

घरतिर लम्कदै म फेरि एकपटक सोच्न बाध्य भएकी छु । मेरो दृष्टिमा महान् बनेकी उसले त्यो घर छाडेपछि के होला त्यो घरको हालत ? कसरी चल्ला त्यहाँको व्यवहार ? ऊ नै सर्वस्व थिई त्यो घरका लागि । ऊ नै लक्ष्मी । ऊ नै सरस्वती र ऊ नै दुर्गा थिइ त्यो घरको । छोरी भएर पनि छोरा थिई ।

> अस्मिताको संघर्षलाई न त शीतले छेक्यो न त रापले । न त उज्यालोले रोक्यो, न त अँध्यारोले । उसको संघर्ष अनवरतरूपमा जारी छ, निरन्तर जारी छ । ऊ विस्तारै हुर्कँदै गई । पूर्ण यौवनाको रूपमा फक्रन नपाई संघर्षको जीवनबाट दाम्लो फुकाएर व्यवहारको किलामा बाँधिदैछन् उसलाई । उसले स्वतन्त्र भएर दुईपल सुखभोग कहिले गर्ने ?

कविता

## किनकि तिमी नेता



आर. आर. चौलागाईं

कुनै सपना छैन
कुनै योजना छैन
कुनै लक्ष्य छैन
कुनै गन्तव्य छैन
किनकि तिमी नेता ।

शहीदको रगत पिएर
तिमी बाँचिरहेका छौ
जनताको पसिना पिएर
तिमी बाँचिरहेका छौ
युवाहरूलाई खाडीमा बेचेर
तिमी बाँचिरहेका छौ
महिलाहरूलाई बम्बईमा बेचेर
तिमी बाँचिरहेका छौ
किनकि तिमी नेता ।

तिमी मान्छे मारेर आजीवन जेल परेका
हत्याराहरूलाई आममाफी दिन्छौ
तिमी निर्मला पन्तका अपराधीहरूको
प्रमाण नष्ट गर्छौ र उनीहरूलाई संरक्षण दिन्छौ
तिमी देशद्रोही, जनविरोधी, भ्रष्टाचारी
र बिचौलियाहरूको घेरामा बस्छौ
र उनीहरूको सल्लाहमा चल्छौ
किनकि तिमी नेता ।

तिमी कामको नाममा एउटा सिन्को पनि भाँच्दैनौ
बरु पटक पटक सरकार बनाउँछौ/ढाल्छौ
बरु पटक-पटक पार्टी एकता गर्छौ/फुटाउँछौ
आफ्नो निजी आलिशान महल बनाउनु
तिम्रो लागि नौलो जनवाद हो
आफ्ना गर्लफ्रेन्डहरूलाई सांसद र मन्त्री बनाउनु
तिम्रो लागि समाजवाद हो
निजी जमीन जोड्नु
बैंक ब्यालेन्स बढाउनु
र सुन थुपार्नु तिम्रो लागि साम्यवाद हो
रुखो बोल्छौ
गजक्क पर्छौ
श्रमजीवी जनतालाई हेप्छौ
हामीजस्ता कविहरूको खेदो खन्छौ
किनकि तिमी नेता ।

तिम्रो महिमा हजार जिब्रा भएका
शेषनागहरूले पनि बताउन सक्दैनन्
कुनै पनि हैसियत नभएको
म जाबो एउटा तुच्छ रैतीले के भन्न सकुँला र !
तिम्रो बारेमा जति बोलेपनि थोरै हुन्छ
तिम्रो बारेमा जति लेखेपनि थोरै हुन्छ
किनकि तिमी नेता ।

## तपाईंको राशिफल

मेष : सामान्य रुकावटले अशान्ति दिनेछ । धनलाभमा कमी आउनेछ ।

वृष : अनावश्यक जिम्मेवारी लिनु हुँदैन । सम्मानमा वृद्धि हुनेछ ।

मिथुन : वाहन सावधानी राख्नुहोला । मुकद्मा सम्बन्धी समस्याको योग छ ।

कर्कट : आत्मविश्वास बढ्दै जानेछ । जग्गा सम्बन्धी कार्यमा लाभ मिल्नेछ ।

सिंह : आयको नौलो स्रोत बन्नेछ । स्वास्थ्य राम्रो रहनेछ ।

कन्या : शिक्षामा सुधार हुनेछ । सन्तानको कार्यमा सफलता मिल्नेछ ।

तुला : आकस्मिक धनलाभको योग छ । शत्रु कमजोर हुनेछ ।

वृश्चिक : साथीभाईबीच सम्बन्ध राम्रो भइरहनेछ । आत्मबल बढ्दै जानेछ ।

धनु : जोखिम भएको कार्यमा धन लगाउन हुँदैन । स्थान परिवर्तन हुने योग छ ।

मकर : खर्चमाथि नियन्त्रण राख्नुहोला । अचल सम्पत्तिमा वृद्धिको योग छ ।

कुम्भ : अनिर्णयको स्थिति रहनेछ । धैर्य राखेर कार्य गर्नु होला ।

मीन : सबै कार्यमा सावधानी राख्नुपर्छ । धैर्य रहनु पर्छ ।



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरु)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम ।*
*सानेपा, काठमाडौं, नेपाल, फोन : ९८४१५९२५५२,*
*इमेल : dhruvswamig@gmail.com*

# सुत्ने रहर !

कथा



■ प्रेम न्यौपाने ‘प्रहर’

> अलिबेरमा घर पुगियो । गएर यसो ऐना हेरैं । आफैंलाई चिन्न नसकिने ! कान्छी बहिनीले तातो पानी ल्याएर दिई । घुटुक्क निलियो र दारी काटियो । अघि सुत्न नपाउँदा त यस्तो गति भएको थिएन, अहिले सुत्न पाउँदा यसरी गति देखाइएछ ।

धेरै समयदेखि सुत्ने रहर थियो । मौका मिलेको थिएन । आमाको काखमा कति सुतियो याद छैन, बालापनमा पनि कहिले खेल्नको धुन कहिले पढ्नको धुन, सुत्न पाइएन । यौवन अवस्थामा पनि कहिले प्रियसीसँग त कहिले साथीभाईसँग जीवन बित्यो । सुत्न पाए जस्तो लाग्दैन । ईश्वरलाई धेरै पटक बिन्ती चढाइयो सुत्नको निमित्त । बिहे गरियो । घरजम चल्न थाल्यो । भनेजस्तो मज्जाले सुत्न भने पाइएको थिएन । दिमागले घरिघरि छड्के हान्थ्यो “थुक्क तेरो जिन्दगी, कहिले आनन्दले सुत्न नपाउने लोदर तेरो जिन्दगी ।”

